

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ १३ गते शुक्रबार ❑ 27 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## चालु खर्च घटाउनु सुशासन र विकासको अनिवार्य सर्त : मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले अनावश्यक चालु खर्च घटाइ पुँजीगततर्फ विनियोजित बजेट खर्च बढाउन मन्त्रालयका सचिवहरूलाई निर्देशन दिनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार मन्त्री र सचिवहरूबाट प्रस्तुत मन्त्रालयगत बिफ्रिङमा उहाँले पुँजीगत खर्च बढाउने र चालु खर्च घटाउने विषय वित्तीय सुशासन र विकासको अनिवार्य सर्त भएको बताउनुभयो।



मुख्यमन्त्री अधिकारीले सुशासन कायम गर्ने विषय भाषण र नारामा मात्रै सीमित नराखी व्यवहारमा देखिने गरी कार्य गर्न निर्देशन दिनुभयो। आर्थिक ऐन, नियम तथा कार्यविधिको पूर्ण पालना गरी पुराना बेरुजु फर्छ्यौट एवं नयाँ बेरुजु हुन नदिनेतर्फ विशेष पहल गर्न उहाँले आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "आर्थिक ऐन, नियम तथा कार्यविधिको पूर्ण पालना गरी पुराना बेरुजु फर्छ्यौट गर्न एवं नयाँ बेरुजु हुन नदिनेतर्फ विशेष पहल आवश्यक छ । प्रदेश गौरवका आयोजना सम्पन्न गराउन तदारुकताका साथ काम गर्ने सम्बद्ध सबै जिम्मेवार भएर लाग्नुहोला ।" मुख्यमन्त्री अधिकारीले प्रदेश सरकारलाई मितव्ययी र प्रभावकारी बनाउन छरितो संरचना बनाउने निर्णय भइसकेको र सबै मन्त्रालय र कार्यालयले वस्तुनिष्ठ सङ्गठन संरचना निर्माण गर्न प्रमुख सचिवको अध्यक्षतामा गठित सङ्गठन तथा व्यवस्थापन समितिलाई सहयोग गर्न आग्रह गर्नुभयो । "जग्गा प्राप्तिको समस्याले रोकिएका आयोजना तथा कार्यक्रम के-के छन् र तीनको सम्भाव्यता छ कि छैन ? ठोस सुझाव प्रस्तुत गर्नुहुन निर्देशन गर्दछु । विकास आयोजनालाई गरिबी हटाउँदै समृद्धिको आधारका रूपमा सञ्चालन गर्न आयोजनाको प्राथमिकीकरण गरी तहगत सरकारका आयोजना र कार्यक्रमसँग दोहोरोपना नुहने गरी मात्र कार्य अगाडि बढाउनु आवश्यक छ", मुख्यमन्त्री अधिकारीले भन्नुभयो।

समपूरक, विशेष र वित्तीय समानीकरण अनुदानको गुणात्मकता ल्याउन समन्वय, सहअस्तित्व र सहकार्यको अवधारणा व्यवहारमा उतार्ने गरी ठोस कार्यक्रम र कार्ययोजना आवश्यक पर्ने उहाँको भनाइ छ। मुख्यमन्त्री अधिकारीले यही माघ १० गते मन्त्रिपरिषद्लाई पूर्णता दिनुभएपछि मन्त्रालयको कार्यप्रगतिका बारेमा जानकारी लिनुभयो । गण्डकीमा यसअघि १२ मन्त्रालय रहेकामा हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सात मन्त्रालयमात्र बनाइएको छ।

## राष्ट्रपतिको निर्वाचन समयमै हुनुपर्छ : महामन्त्री थापा

पोखरापत्र संवाददाता
तनहुँ, १२ माघ

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले राष्ट्रपतिको निर्वाचन समयमै हुनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँले बिहीबार दमौलीमा आयोजना गरेको भेटघाट कार्यक्रममा महामन्त्री थापाले राष्ट्रपतिको निर्वाचनका लागि समय धकेल्ने प्रयास भइरहेको भन्दै निर्धारित समयमै उक्त चुनाव हुनुपर्ने धारणा राख्नुभयो।

संविधान र निर्वाचन कानून बाँझिएकाले समय धकेल्ने प्रयास भइरहेको भन्दै थापाले भन्नुभयो, "राष्ट्रपतिको निर्वाचन समयमै हुनुपर्छ । यो बेलामा नेपाली कांग्रेसले आफ्नो उम्मेदवारलाई जिताउन प्रयास गर्छ।"

पार्टीले राष्ट्रपतिको उम्मेदवारबारे केही दिनभित्र निर्णय गर्ने बताउँदै थापाले सोही उम्मेदवारलाई जिताउन सबै पार्टीसँग आह्वान गरिने बताउनुभयो । "खासगरी नेकपा (माओवादी) केन्द्रले कांग्रेसको उम्मेदवारलाई मत हाल्ने अपेक्षा हाम्रो हो, किनभने पुष्पकमल दाहाल गोरखाबाट जितेर आउँदै गर्दा त्यहाँ कांग्रेसको मत परेको छ । म काठमाडौँमा विजयी हुँदा त्यहाँ माओवादीको मत परेको छ।"

महामन्त्री थापाले पाँच वर्षका निम्ति मत मागेर आएको बताउँदै अहिले विभिन्न बहाना बनाएर जनताको मतलाई दुरुपयोग गर्न नपाइने उल्लेख गर्नुभयो । प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिइसकेपछि राष्ट्रपति पद नेपाली कांग्रेसको उम्मेदवारलाई दिनुपर्ने भन्दै थापाले भन्नुभयो, "त्यसो भयो भने राजनीतिमा सन्तुलन ल्याउँछ।"

महामन्त्री थापाले एकल तागतका आधारमा पार्टीलाई बलियो बनाउनुपर्ने धारणा राख्नुभयो । अरुसँग मिलेर जाँदा कांग्रेस बलियो नहुने विगतले देखाइसकेको भन्दै पार्टीलाई एकढिक्का बनाएर जानुको विकल्प नभएको थापाले बताउनुभयो । नेपाली कांग्रेस नयाँ कार्यक्रमका साथ पुनः जनतामाझ आउने थापाको भनाइ थियो।

फागुन ७ गतेभित्र भातृसंस्थाले पूर्णता पाउने र वैशाखमा नीति अधिवेशन गर्ने तयारी भइरहेको महामन्त्री थापाले बताउनुभयो । सरकार नहुँदैमा सबै सिद्धियो भन्ने सोच्नु गलत रहेको भन्दै उहाँले अब त्यसमै अल्झिएर बस्न नहुने बताउनुभयो।

## निर्वाचन व्यवस्थापनमा सुधार हुँदै गएको छ : प्रमुख निर्वाचन आयुक्त

रासस
काठमाडौं, १२ माघ

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सामाजिक सञ्जाललाई नियमन गर्न नीति बनाइएपछि निर्वाचन व्यवस्थापनमा सुधार हुँदै गएको बताउनुभएको छ।

नेपाल कानून आयोगले आयोजना गरेको 'प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९, आमसञ्चार पर्यवेक्षण प्रतिवेदन' माथिको छलफलमा उहाँले निर्वाचन अगाडि सामाजिक सञ्जालमध्ये फेसबुक र टिकटकसँग सहकार्य नै गरेर काम गर्दा सहज भएको बताउनुभयो।

उहाँले सामाजिक सञ्जाललाई प्रेस काउन्सिल नेपालले आफ्नो दायरामा ल्याएर अनुगमन गर्नुपर्ने र सामाजिक सञ्जाल पनि आमसञ्चारमाध्यमकै रूपमा स्थापित हुन खोजिरहेको हुँदा एउटा दायरामा ल्याएर नियमन तथा व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो। प्रेस काउन्सिल नेपालले गर्नुपर्ने कामका बारेमा उल्लेख गर्दै उहाँले भन्नुभयो, "प्रेस काउन्सिल नेपाललाई एउटा अनुरोध के छ भने अहिले हामीले जुन प्रतिवेदन बनायौँ, प्रतिवेदनमा ९० प्रतिशत कुरा यिनै होलान्, हामीले यस्तो सफ्टवेयर डेभलप गर्नुपर्छ, अनधिकृतरूपमा प्रकाशित, प्रसारित हुने विषय स्वतः आउने व्यवस्था गर्नुपर्छ।"

कार्यक्रममा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले आफूले पनि निर्वाचनको अनुगमन गर्ने मौका पाएको र काठमाडौँ, भक्तपुर र ललितपुरमा निर्वाचनको अनुगमन गर्दा पहिलाको तुलनामा धेरै शान्तिपूर्वक निर्वाचन हुने गरेको बताउनुभयो। "पहिला-पहिला निर्वाचनमा धेरै खालको समस्या देखिन्थ्यो, झडप हुने, झमेला हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले देशभर केही सामान्य घटनाबाहेक निर्वाचन शान्तिपूर्ण भयो, त्यो सकारात्मक विषय हो ।" प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले निर्वाचनलाई मिथ्या, भ्रामक सूचना नियन्त्रण गर्नका लागि संयन्त्र नै बनाएर काम गरेको र त्यसले सकारात्मक नतिजा दिएको बताउनुभयो।

## घरेलु कार्यालयद्वारा एक सय ६२ फर्म खारेज

पोखरापत्र संवाददाता
तनहुँ, १२ माघ

घरेलु तथा साना उद्योग कार्यालय तनहुँले एक वर्षको अवधिमा एक सय ६२ फर्म खारेजी गरेको छ। आर्थिक वर्ष २०७८/७९ मा जिल्लामा सञ्चालित उक्त फर्म खारेज भएका हुन्।

सञ्चालनमा नरहेका र खारेज गर्न निवेदन दिएपछि कार्यालयले ती फर्म खारेजी गरेको कार्यालयका कम्प्युटर अप्रेटर रवि अधिकारीले बताउनुभयो। कार्यालयका अनुसार गत साउनमा १२, भदौमा १६, असोजमा १७, कात्तिकमा १३, मङ्सिरमा ११, पुसमा १७, माघमा १२, फागुनमा १०, चैतमा सात, वैशाखमा दुई, जेठमा १७ र असारमा २८ फर्म खारेजीमा परेका छन्। सोही अवधिमा जिल्लामा पाँच सय ७९ उद्योग दर्ता भएका छन्। उक्त अवधिमा उत्पादनमूलक ४७, कृषि तथा वन पैदावरमा आधारित तीन सय २०, खनिजतर्फ एक, पर्यटनतर्फ एक, सेवातर्फ एक सय तीन र पूर्वाधारतर्फ तीन उद्योग थपिएको कार्यालयले जनाएको छ । थपिएका उद्योगमध्ये घरेलुतर्फ ३३ र साना उद्योगतर्फ पाँच सय ४६ छन् । कृषि र पशुपालनमा युवाको आकर्षण बढेसँगै कृषिसम्बन्धी उद्योग दर्ता वृद्धि भएको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवा पशुपालनतर्फ आकर्षित भएका छन् । कृषि तथा वनजन्यतर्फ दुग्ध डेरी, गाईपालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, माछापालन र तरकारी खेतीतर्फ आकर्षण बढ्दो छ। तनहुँमा थपिएका उद्योगको कूल पुँजी रु ६३ करोड ५२ लाख पाँच सय ४२ हजार रहेको कार्यालयले जनाएको छ । ती उद्योगको वार्षिक उत्पादन क्षमता रु एक अर्ब ७१ करोड ८७ लाख ५० हजार रहेको छ । थपिएका उद्योगमा एक हजार ३५ ले रोजगारी पाएका छन्। त्यसमध्ये पाँच सय ३४ महिला र पाँच सय एक पुरुष छन् । उद्योगमा आठ सय नौ उद्यमी छन्। उद्योग दर्ताबापत रु २४ लाख

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्याङ्जामा भण्डारण गरिएको सुन्तला कुहियो

पोखरापत्र संवाददाता
वालिङ, १२ माघ

स्याङ्जामा शीतभण्डारमा भण्डारण गरिएको सुन्तला कुहिएपछि किसान चिन्तित भएका छन्। स्याङ्जा शीतभण्डार सहकारीले सञ्चालनमा ल्याएको शीतभण्डारमा भण्डारण गरिएको केही सुन्तला कुहिएको हो।

किसानले बढी आम्दानी गर्ने उद्देश्यका साथ सुन्तला शीतभण्डारमा भण्डारण गरेका थिए। तर उल्टै कुहिएपछि घाटा हुने भन्दै उनीहरू चिन्तित बनेका हुन् । पुतलीबजारका रामबन्धु अर्यालले शीतभण्डारमा ५० क्यारेट सुन्तला भण्डारण गर्नुभएको थियो। केही दिन अघि हेर्दा छ/सात क्यारेट जति सुन्तला कुहिएको उहाँले बताउनुभयो । अब उहाँ चाँडै सुन्तला बिक्री गर्ने तयारीमा हुनुहुन्छ। अहिले बोटबाटै प्रतिकिलो रु ८५ देखि रु ९० सम्ममा बिक्री भइरहेको छ। "कुहिन थालेपछि शीतभण्डारमा राखिएको सुन्तला प्रतिकिलो रु ५० देखि रु ६० सम्ममा बिक्री गर्नुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो। पुतलीबजार करेन्डाँडाका कृष्णजङ्ग केसीले भण्डारण गर्दाको बेला रु आठ लाख मूल्य पर्ने दुईसय ६६ क्यारेट सुन्तला भण्डारण गर्नुभयो । सुन्तला कुहिएको पाएपछि उहाँ सस्तैमा सुन्तला बिक्री गर्न थाल्नुभएको छ। "मूल्य बढी पाइने आहले भण्डारण गरे, उल्टै घाटा लाग्ने अवस्था आयो", केसीले भन्नुभयो । उहाँले भण्डारण गर्नुभएको सुन्तलाका क्यारेटबाट कुहिएका निकालेर राम्रा सुन्तला प्रतिकिलो रु ६५ का दरले बिक्री गर्नुभयो । "मापदण्डअनुसार नै सुन्तला भण्डारण गरियो" उहाँले भन्नुभयो, "यस्तो प्राविधिक विषयमा व्यवस्थापन पक्षको लापर्बाहीका कारण धेरै किसानले नोक्सानी व्यहोर्नुपरेको छ ।" बर्सेनि रु एक लाख ५० हजारसम्मको सुन्तला बिक्री गरेर त्यसकै भरमा घरखर्च चलाउने किसान बढी मर्कामा परेको उहाँ बताउनुहुन्छ । यसको सही व्यवस्थापन हुन नसकेमा आगामी दिनमा किसानले यहाँ सुन्तला, आलुलगायतका कृषिउपज भण्डारण नगर्ने र राज्यको ठूलो लगानी खेर जानसक्ने भएकाले सम्बन्धित निकायले बेलैमा चासो दिनुपर्ने उहाँको जोड छ।

किसानले बढी मूल्य पाउने आशामा भण्डारण गरेको सुन्तला कुहिँदा घाटा खेप्नुपर्ने बाध्यता तथा पेशाबाट नै पलायन हुने चिन्ता छ। गत वर्ष सुन्तला तथा आलुको भण्डारण राम्रो भए पनि यसपटक के कति कारणले सुन्तलामा खराबी आयो भन्नेबारे अध्ययन भइरहेको शीतभण्डारका अध्यक्ष अनन्तकुमार श्रेष्ठले बताउनुभयो। "भण्डारण गरिएकामध्ये १० देखि १५ प्रतिशतसम्म सुन्तलामा खराबी देखिन सक्ने भएकाले सचेत थियौँ", उहाँले भन्नुभयो, "अनुमानभन्दा औसतमा बढी सुन्तला खराब भएको पाइयो।"

स्याङ्जामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तला सुपरजोन सञ्चालनमा छ । जिल्लाका विभिन्न ठाउँमा उत्पादन भएका सुन्तला यहाँ भण्डारण गरिएको थियो। भण्डारण गरिएको सुन्तलामा खराबी देखिएपछि सुन्तला सुपरजोन, कृषि ज्ञानकेन्द्र स्याङ्जा, रामपुर कृषि क्याम्पसलगायतका कार्यालयबाट प्राविधिक आएर निरीक्षण तथा अध्ययन गरिरहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

हाल एक हजार तीन सय टन क्षमताको शीतभण्डार सञ्चालनमा छ । सोही ठाउँमा एक हजार दुई सय टन क्षमताको अर्को शीतभण्डार निर्माणको क्रममा छ। "जिल्लाका सुन्तला उत्पादक किसानले ल्याउनुभएको छ हजार ४३ क्यारेट सुन्तला भण्डारण गरिएको थियो", श्रेष्ठले भन्नुभयो, "भण्डारण गरिएको सुन्तलामा खराबी देखिएपछि बिग्रेका सुन्तला नष्ट गरी राम्रो सुन्तला शीतभण्डार तथा किसान स्वयंले बिक्री गरिरहेको अवस्था छ।" यसपटक सुन्तलाको उत्पादन धेरै भएकाले किसानले धेरै सुन्तला भण्डारण गर्न ल्याएको सुन्तला सुपरजोन कार्यक्रमका प्रमुख माधव लम्सालले बताउनुभयो । शीतभण्डारमा भण्डारण गरिएको सुन्तला केही मात्रामा कुहिएपछि धेरै भण्डारण गर्ने किसानलाई बढी मर्का परेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कुलपति रनिङ सिल्डमा उपाधिका लागि भद्रकाली र कालिका भिड्दै

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ



प्रथम कुलपति रनिङ सिल्ड फुटबल प्रतियोगिताको उपाधिका लागि कालिका माध्यमिक विद्यालय र भद्रकाली माध्यमिक विद्यालय भिड्ने भएका छन् । यी दुई बिचको खेल पोखरा रंगशालामा शुक्रबार दिउँसो साढे १ बजे सुरु हुनेछ ।

गण्डकी विश्वविद्यालयले आयोजना गरेको उक्त प्रतियोगिता अन्तर्गत बिहीबार भएको पहिलो सेमीफाइलनमा भद्रकालीले इन्द्र राज्यलक्ष्मी माध्यमिक विद्यालयलाई ६-२ ले पराजित गर्दै फाइनलको यात्रा सुनिश्चित गरेको हो । भद्रकालीका अमित गुरुङले ह्याट्रिक गरे । उनले खेलको ३८औं, ५५औं र ५९औं मिनेटमा गोल गरेका थिए । युक्त गुरुङ, अमिर गुरुङ र दिपेश गुरुङले १-१ गोल गरेका थिए । राज्यलक्ष्मीबाट दिनेश घर्तिमगरले २ गोल फर्काए पनि टिमलाई हारबाट जोगाउन सकेनन् । उनले ५औं मिनेट र १८औं मिनेटमा गोल गरेका थिए ।

कालिकाले दोस्रो सेमीफाइलनमा सहिद स्मृति आवशीय माध्यमिक विद्यालयलाई १-० ले पराजित गर्दै फाइनलको यात्रा तय गरेको हो । कालिकाको जितमा तेजबहादुर गुरुङले गोल गरे । खेलको ३१औं मिनेटमा तेजले गरेको गोलनै खेलको निर्णायक भयो । सो प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गर्नेछ । प्लेयर अफ द टुर्नामेन्टलाई ट्रफिसहित १० हजारको व्यवस्था गरिएको छ । फाइलन खेलमा नवनियुक्त सामाजिक विकास तथा स्वास्थ्य मन्त्री पञ्चराम गुरुङको उपस्थिति रहने आयोजकले जनाएको छ ।

यो विश्वविद्यालय नेपालमै पहिलो पटक प्रदेश सरकारद्वारा स्थापना गरेको विश्वविद्यालय हो । विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुका साथसाथै विश्वविद्यालयले अन्वेषण र अनुसन्धानलाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ । यो विश्वविद्यालय स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठनपाठन सुरु गरेको नेपालकै पहिलो र एकमात्र विश्वविद्यालय हो ।

# ज्ञान गंगा स्कुल चाउथेमा सरस्वती पूजा

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ



पोखरा-१४, चाउथै स्थित ज्ञान गंगा स्कुलमा बसन्त पञ्चमीको अवसरमा विद्याकी आराध्या देवी माता सरस्वतीको बन्दना एवम् पूजा कार्यक्रम गरिएको छ ।

सो अवसरमा नवआगन्तुक बाल-बालिकाहरुका लागि एक समारोह बिच अक्षरारम्भ कार्यक्रम समेत गरिएको थियो । सरस्वती पूजाका दिन अक्षरारम्भ गरेका बाल-बालिकाहरुलाई सदा सर्वदा विद्या, ज्ञान र सङ्गितकी अधिष्ठात्री देवी सरस्वती माताको आशिर्वाद रहिरहने जनविश्वास रहेको छ । विद्यालयले सोही समारोहमा आशिर्वाद एवम् शुभकामना आदनप्रदान गरेको थियो । विद्यालयले गुणस्तरीय व्यवहारिक शिक्षामा जोड दिदै आएको प्रिन्सिपल शिला थापाले बताउनु भयो । उक्त दिन विद्यालयले भर्ना हुने नयाँ विद्यार्थीहरुलाई भर्ना निःशुल्क समेत गरेको थापाले बताउनु भयो । सरस्वती पूजामा विद्यालयका सबै तहमा अध्ययन गर्ने विद्यार्थीहरुको उत्साहजनक उपस्थिति रहेको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण भण्डारीले बालबालिकाहरुको समुज्वल भविष्यको कामना गर्दै शुभकामना दिनु भएको थियो ।

# ७४ औं भारतीय गणतन्त्र दिवस पोखरामा मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ



भारतीय राजदूतावास पेन्सन बितरण कार्यालय (पेन्सन क्याम्प) पोखरामा बिहीवार गणतन्त्र दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

क्याम्पमा नव आगन्तुक प्रमुख ले. क. प्रशान्तसिंह बघेलले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै गणतन्त्र दिवसका अवसरमा आयोजित कार्यक्रमको शुभारम्भ गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाली सेनाका पश्चिम पृतनापति उपरथि दिपककुमार बांनियाले २६ जनवरी गणतन्त्र दिवस भारतीय सेनाको त्याग र योगदानको स्मरण गराउने दिन भएको बताए । उनले नेपाली सेना र भारतीय सेनाको बेला बेलामा संयुक्त अभ्यासको नाममा गरिने सहकार्य एकले अर्कालाई चिन्न चिनाउन कोशेढुंगा भएको स्मरण गरे । कार्यक्रममा प्रमुख अतिथि उपरथि बांनिया र क्याम्प प्रमुख बघेलले भारतीय सेनामा कार्यरत रहेकै बेला वीरगति प्राप्त गरेका सेनाका छोराछोरी सुमित कार्कीलाई ६६ हजार ६६६ रुपैया, योगेन्द्र थापालाई १ लाख ९४ हजार ५८८ रुपैया, मिनु थापालाई ३ लाख ३० हजार ९३९ रुपैया, शिरमाया गुरुङ.लाई २ लाख ९१ हजार १०० रुपैया, संजय गुरुङलाई ५५ हजार ६१९ रमपैया, समिर/अर्चना श्रेष्ठलाई ८७ हजार ४४० रुपैया, मानबहादुर थापालाई २ लाख ७० हजार ९८८ रुपैया, र सगुन तिलिजा पुनलाई २ लाख ८९ हजार २७३ रुपैया शिक्षा सहायता रकम हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा पेन्सन क्याम्प पोखराका कर्मचारी इश्वर पुनलाई 'बेस्ट इम्प्लोयी अफ दि इयर'बाट पुरस्कृत गरिएको थियो । दूतावासले पोखरामा बसोबास गरिरहेका भूतपूर्व सैनिकका लागि भारत सरकारको कल्याणकारी पहल समावेश गरिएको भूपू-२०२२ पत्रिकाको पनि लोकार्पण गरिएको थियो । सोही अवसरमा भारतीय मैत्री विद्यालय पोखराका विद्यार्थीले रमाइलो सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

# पोखरा महानगरपालिका वडा नं. २७ द्वारा आयोजित नेतृत्व विकास तालिमको समापन

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ




पोखरा महानगरपालिका वडा नं. २७ को आयोजना तथा किंग्स इन्टरनेशनल कलेज प्रालि, तिलोत्तमा नगरपालिका वडा नं. २, रुपन्देहीको समन्वयमा सञ्चालित दुई दिने नेतृत्व विकास तालिमको बुधबार समापन गरिएको छ ।

वडा कार्यालयको महिला विकास कार्यक्रम अन्तर्गत मंगलबारदेखि सुरु भएको तालिम वडाका तीन ठाउँमा सञ्चालन भएका थिए । वडा नं. २७ को अर्घौंचोक, तालचोक र रिठ्ठेपानीमा सञ्चालित तालिममा प्रशिक्षकहरू फेवा टेलिभिजनका कार्यक्रम प्रमुख रूद्रबहादुर श्रीस, नेपाल पत्रकार महासंघ, कास्कीकी उपाध्यक्ष जमुना वर्षा शर्मा र रेडियो जननीकी स्टेशन म्यानेजर रत्ना गुरुङले सहजीकरण गर्नुभएको थियो । तालिमको समापन गर्दै वडाध्यक्ष पूर्णकुमार गुरुङले वडाका महिलाहरूको क्षमता अभिवृद्धि र नेतृत्व विकासका लागि तालिमको आयोजना गरिएको बताउनुभयो ।

तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न प्रशिक्षार्थीहरूलाई आग्रह गर्दै वडाध्यक्ष गुरुङले अरुका सामु आफ्ना कुरा राख्न सक्ने गरी महिलाहरू सक्षम बन्नुपर्ने धारणा राख्नुभयो । वडा सदस्य बुद्धिमाया थापामगरले तालिमबाट सिकेका कुरालाई आत्मसात गर्न सके महिलाहरूले पनि नेतृत्व लिएर अघि बढ्न सक्ने बताउनुभयो ।

देशको उच्च ओहोदासम्म महिलाहरू पुगेको र नेतृत्व श्रृंखलाको विकासका लागि महिलाहरूले आफ्नो क्षमता विकास गर्नुपर्नेमा वडा सदस्य थापामगरले जोड दिनुभयो । त्यस्तै, वडा सदस्य लक्ष्मी विकले महिलाको क्षमता विकास गर्न आगामी दिनमा पनि यस्ता तालिमलाई निरन्तरता दिइने बताउनुभयो । अर्का वडा सदस्य सूर्यबहादुर वाग्लेले वडाले आयोजना गरेको तालिम फगत तालिमका लागि मात्र नभएको भन्दै तालिमलाई उपयोगी र उपलब्धीमूलक बनाउनुपर्नेमा जोड दिनुभयो । तालिम सञ्चालनका लागि स्थानीय आमा समूहहरूले समन्वय गरेका थिए भने तालिममा १२० जना महिला प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो । तालिमको आवश्यकता र उद्देश्यका बारेमा किंग्स इन्टरनेशनल कलेज प्रालिका प्रबन्ध निर्देशक ठाकुर शर्माले प्रकाश पार्नुभएको थियो ।

# अभिनेत्री सम्राज्ञी र हाँस्य कलाकार जितु नेपाल टाइगर कपमा आउने

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ




अभिनेत्री सम्राज्ञी राज्यलक्ष्मी शाह र हाँस्य कलाकार जितु नेपाल (मुन्द्रे) टाइगर कप भलिबल प्रतियोगिताका लागि आउने भएका छन् ।

पोखरा रंगशालामा जारी तेश्रो टाइगर कप राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय आमन्त्रित खुल्ला क्लव च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०७९'को फाइनल खेल अवलोकन संगै मनोरञ्जन प्रदान गर्न उनीहरु पोखरा आउन लागेका हुन् । उनहिरु दुबै जना माघ १४ गते पोखरा रंगशालामा हुने सो बारे जानकारी दिंदै टाइगर ग्रुपका अध्यक्ष नारायण प्रसाद शर्माले कलाकारहरु दर्शकहरुलाई उत्साह भर्न आउन लागेको जानकारी दिए । "हामी उहाँहरुलाई स्वागत गर्न आतुर छौं । उहाँहरुको आगमनले दर्शकहरुले खेल संगै भरपुर मनोरञ्जन प्राप्त गर्ने कुरामा हामी विश्वस्त छौं," अध्यक्ष शर्माले भने-"हामी उहाँहरुलाई विशेष अतिथीको रुपमा स्वागत गर्दैछौं ।" हेरी की परी चलचित्रको प्रचारमा दुबै कलाकारहरु यति बेला व्यस्त रहेका छन् ।

नाट्य कलाबाट चलचित्रमा उदाएकी अभेनेत्री सम्राज्ञीले एक दर्जन चलचित्रमा सफल अभिनय गरेकी छन् । उनले ए मेरो हजुर २, मंगलम, इन्टु मिन्टु लन्डनमा, रातो टिका निधारमा, मारुनी, हेरी की परी लगायत चलचित्रमा सफल अभिनय गरेकी छन् ।

## घरेलु...

तीन हजार चार सय राजस्व सङ्कलन भएको छ । सोही अवधिमा तीन सय ९६ उद्योग नवीकरण भएका छन् भने ५४ उद्योगले नामसारी/नाम परिवर्तन गरेका छन् । चार उद्योगले ठाउँसारी गरेका छन् भने ७७ उद्योगले उद्देश्य थप गरेका छन् । त्यस्तै ६७ उद्योग पुँजी वृद्धि गरेको कार्यालयले जनाएको छ । गत आव २०७७/७८ मा जिल्लामा दुई हजार एक उद्योग दर्ता भएका थिए । उक्त आर्थिक वर्ष दर्ता भएका उद्योगमा रु दुई अर्ब ७० करोड ९० लाख लगानी भएको थियो ।

त्यस्तै आव २०७६/७७ मा जिल्लामा तीन हजार पाँच सय १५ उद्योग थपिएका थिए । ती उद्योगमा रु एक अर्ब ८९ करोड ५२ लाख ६० हजार छ सय ५९ लगानी भएको थियो । रु एक लाखसम्म पुँजी भएको उद्योगले रु एक हजार एक सय, तीन लाखसम्म पुँजी भएको उद्योगले रु तीन हजार एक सय, रु पाँच लाखसम्म पुँजी भएको उद्योगले रु छ हजार एक सय, रु ५० लाखसम्म पुँजी भएको उद्योगले रु १२ हजार एक सय, रु एक करोडसम्म पुँजी भएको उद्योगले रु २० हजार एक सय, रु पाँच करोडसम्म पुँजी भएको उद्योगले रु ३० हजार एक सय र रु पाँच करोड भन्दामाथि पुँजी भएको उद्योगले रु ५० हजार एक सय १० दर्ताबापत शुल्क बुझाउनुपर्छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# राष्ट्रपति फुत्काउन देउवाको चाल

प्रतिनिधि सभा र प्रदेश सभा चुनावमा ८९ सिट जितेर पहिलो दल बनेको नेपाली काङ्ग्रेस सत्ता बाहिर रहेको छ। काङ्ग्रेस प्रतिपक्षमा पुग्नुको कारण समिक्षा हुन सकेको छैन । चुनाव र चुनावी समीक्षा गर्ने केन्द्रीय समितिको बैठक बस्न सकेको छैन। बोलाइएको बैठक सार्दा केन्द्रीय सदस्यहरू अन्योलग्रस्त छन । सभापति शेरबहादुर देउवाले सरकारलाई विश्वासको मत दिनेजस्ता महत्वपूर्ण निर्णय केन्द्रीय समितिको बैठक नगरी पदाधिकारी बैठकबाट गराउँदै आएका छन । पुस २२ र २८ गते बोलाइएको बैठक माघ १५ गते सरेको थियो । सभापति शेर बहादुर देउवाले स्थगित भएको छ। अहिले राष्टपतिको चुनावलाई हेरेर सारिएको छ। महत्त्वपूर्ण निर्णय लिन पदाधिकारी बैठक राखेर आफ्नो प्रस्ताव पारित गराउने गरिएको छ।

'कांग्रेसमा विधानविपरीत निरन्तर पदाधिकारी बैठकको अभ्यास भइरहेको छ । गुटका भेला पनि बरिस्ठ नेताहरूको निर्णय लाद्ने ठाउँ भएको छ। नेतृत्व र पदाधिकारीहरूका कार्यशैलीप्रति पार्टीभित्र असन्तुष्टि चुलिए पनि केन्द्रीय समिति बैठक राख्ने र छलफल गर्ने पक्षमा अहिले सभापति देउवा छैनन । गठबन्धनलाई निरन्तरता दिन नसकेकोमा पार्टीभित्र आलोचना होला भन्ने डर सभापति देउवालाई छ। चुनावअघिसम्म सभापति देउवा चार दलीय गठबन्धन जोगाएर जाने पक्षमा थिए । कांग्रेसले चुनावमा गठबन्धनविरूद्ध उभिनेलाई कारबाहीसमेत गर्न निर्देशन दिएर नेता/कार्यकर्तालाई कारबाहीसमेत गरेको थियो। तर चुनावपछि पहिलो कार्यकाल को प्रधानमन्त्री बन्ने भन्ने विवादले गठबन्धन भत्कियो । नेकपा एमालेसहित ७ दलको समर्थनमा पुस १० मा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बने ।

दोस्रो, प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएकोले पार्टीभित्र थप आलोचना हुने र यसले राष्ट्रपति चुनावका बेला प्रचण्ड झन् बिच्किन सक्ने भय देउवालाई परेको छ। तेस्रो, पार्टीभित्र हुने विवाद बाहिर छताछुल्ल हुँदा राष्ट्रपति पनि गुम्ने गरी परिस्थिति बनेमा थप रक्षात्मक हुनुपर्ने अवस्थाको सिर्जना हुन सक्ने भएकोले पनि सभापति देउवा अहिले केन्द्रीय समिति बैठक राख्न नचाहेका हुन सक्छन । पुस २६ मा प्रधानमन्त्री प्रचण्डलाई कांग्रेसका ८८ सांसदले विश्वासको मत दिएका थिए। केन्द्रीय कार्यसम्पादन र संसदीय दल बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा र केन्द्रीय सदस्यद्वय अर्जुननरसिंह केसी र प्रदीप पौडेलले मात्रै विरोध गरेका थिए तर ह्वीप लगाएपछि उनीहरूले पनि मतदान गरेका थिए। चुनावअघिको गठबन्धन तोडेर एमालेको सहयोगमा नयाँ गठबन्धन गरी प्रधानमन्त्री बनेका प्रचण्डलाई विश्वासको मत दिन हुँदैन भन्ने पक्षमा पार्टीका नेताहरू थिए। तर देउवाले भविष्यमा हुने राजनीतिक लाभ देखाएर सबै सांसदलाई विश्वासको मतका पक्षमा मतदान गर्न आग्रह गरेका थिए।

पार्टीभित्र भने केही नेताहरूले प्रमुख प्रतिपक्षका रूपमा बसेर सशक्त भूमिका खेल्नुपर्ने आवाज उठाउँदै आएका थिए । तर देउवाले संविधान रक्षा, भविष्यमा हुने राजनीतिक लाभलगायतलाई हेरेर प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिनुपर्ने तर्क राखेका थिए। प्रमुख प्रतिपक्षमै बस्ने गरी प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय सभापति देउवाले केन्द्रीय कार्यसम्पादन र संसदीय दल बैठकबाट गरेका थिए। संघीय संसद सचिवालयले विपक्षी दलको मान्यता कांग्रेसलाई दिएको छ। सरकारलाई विश्वासको मत दिएको पार्टी विपक्षी दल हुन नसक्ने दाबी नेमकिपालगायत दलको थियो । 'प्रधानमन्त्रीमा प्रचण्डलाई विश्वासको मत दिएकोले माओवादीले राष्ट्रपतिमा कांग्रेसलाई दिन्छ भन्ने मान्यताका कारण त्यो बेलासम्म पार्टी एकताबद्ध भएको सन्देश दिने पक्षमा देउवा छन ।, अहिले केन्द्रीय समिति बैठक गर्दा गठबन्धन जोगाउन नसकेको लगायतमा आलोचना हुन्छ।'

सभापति देउवाले निवास धुम्बाराहीमा पदाधिकारी तथा पूर्वपदाधिकारीलाई बोलाएर पटक-पटक एकताबद्ध भएर गएको सन्देश प्रवाह गर्नुपर्ने बताइरहेका छन् । नेता शेखर कोइरालाले बत्तिसपुतलीमा गुट भेला गरेपछि सभापति देउवाले राष्ट्रपति चुनावसम्म त्यसो नगर्न आग्रह गरेका थिए। त्यसैकारण मंगलबार कोइराला पक्षको गुट भेला स्थगित भएको थियो । माओवादीले राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्ने बताइरहेको छ । बालुवाटारमा सर्वदलीय बैठक गरेर प्रधानमन्त्री प्रचण्डले संवैधानिक पदमा राष्ट्रिय सहमति गर्न सकिन्छ कि भन्ने प्रस्तावले देउवा गठबन्धन भत्काउन लागेका छन। राष्ट्रपति चुनावमा कांग्रेसले पार्टीका तर्फबाट उम्मेदवारी दिने निर्णय गरिसकेको हुँदा माओवादीले पनि बीचको बाटो लिएमा बल्ल केन्द्रीय समितिको बैठक बोलाउन सक्छन। नबोल्ने तर गोटी चाल्न सिपालु देउवाले वातावरण मिलाउन स्थगित गर्दै आएका हुन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# टाइगरकप भलिबलमा महिलातर्फ साविक विजेता एपिएफ र आर्मी उपाधिका लागि भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ



'तेश्रो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लव च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०७९' को फाइनलमा उपाधिका लागि साविक बिजेता एपिएफ र आर्मी भिड्ने भएका छन्।

टाइगर ग्रुप अफ पोखराको आयोजनामा पोखरा रंगशालामा जारी प्रतियोगितामा च्याम्पियनसिपको फाइनलमा दुवै टोली फाइनलमा प्रवेश गरेका हुन्। जारी प्रतियोगितामा घरेलु टोली गण्डकीलाई ३-० को सोझो सेटमा हराउँदै एपिएफ लगातार फाइनलमा प्रवेश गरेको छ । पहिलो सेट १३-२५ को हार व्यहोरेको गण्डकी दोस्रो सेटमा १७-२५ र तेश्रो सेट २५-२१ ले जित्दै उपाधि नजिक पुगेको हो।

यस अघि लिग चरणमा समेत एपिएफले गण्डकी माथि ३-० को सहज जित निकालेको थियो। जारी प्रतियोगितामा गण्डकीले कुनैपनि खेल जित्न सकेन । राउन्डरोविन लिगमा तिन र सेमिफाइनल गरी कुल चार खेल खेलेको गण्डकीको प्रदर्शन कमजोर रह्यो । यता अत्यन्तै प्रतिस्पर्धात्मक बनेको दोस्रो सेमिफाइनल खेलमा आर्मीले न्यु डायमण्डलाई ३-१ को सेटमा हराउँदै फाइनलको यात्रा तय गरेको छ। निकै रोमाञ्चक बनेको पहिलो सेटमा आर्मीले अग्रता कायम गरेपनि डायमण्डले लय समात्दै २५-२३ को जित हासिल गर्‍यो।

पहिलो सेटमा हार व्यहोरेको आर्मीले दोस्रो सेट २५-१३ को सहज स्थितिले आफ्नो पक्षमा पार्‍यो । तेस्रो सेट २५-२२ ले आर्मीको पक्षमा रह्यो । चौथो सेटमा आर्मीले २५-१२ को जित निकाल्दै एपिएफ संगको भेट पक्का गर्‍यो । यता पुरुष तर्फ गण्डकी प्रदेशले सेमिफाइनलमा त्रिभुवन आर्मीको सामाना गर्ने भएको छ । राउन्ड रोविन लिग चरणको अन्तिम खेलमा गण्डकीले पाहुना टोली श्रीलंकाको सेन्ट जोसेफ भाज स्पोर्टस् क्लबलाई ३-० को सोझो सेटमा हराएको हो । पहिलो सेट २६-२४ ले जितेको गण्डकीले दोस्रो सेटमा २५-१४ को सहज जित निकाल्यो। तेस्रो सेट भने निकै रोमाञ्चक रह्यो । सुरुवात देखी नै अग्रता गुमाएको गण्डकीले २०-२२ को स्थितिलाई उल्टाएर २५-२३ को जित निकाल्यो।

जितसंगै चार खेलबाट ८ अंकसहित गण्डकी दोस्रो स्थानमा रहँदै सेमिफाइनल प्रवेश गरेको छ। जित विहिन पाहुना टोली सेन्ट जोसेफ लिगचरणबाटै बाहिरिएको छ। चार खेल खेलबाट एक अंक रहेको पाहुना टोली तालिकाको पुछारमा रहँदै बाहिरिएको हो । पाहुना टोली बाहिरिदा नेपाल पुलिस क्लबले अन्तिम चारमा स्थान सुरक्षित बनाएको छ। बिहिबार नै सम्पन्न लिगचरणको अन्तिम खेलमा त्रिभुवन आर्मीले नेपाल पुलिसलाई ३-० को सोझो सेटमा हराउँदै सेमिफाइनलमा गण्डकीसंगको भेट पक्का गरेको हो।

आर्मीले २५-१७, २५-१९ र २५-२३ ले हराउँदै तालिकाको तेस्रो स्थानमा रह्यो । आर्मीको कुल चार खेलबाट ७ अंक रहेको छ। पुलिसको भने चार खेलबाट २ अंक रह्यो। पुलिसले अब फाइनल प्रवेशका लागि निकै लयमा रहेको एपिएफको सामना गर्नेछ । आयोजकले गत वर्षको तुलनामा पुरस्कार राशी दोब्बर बनाएको छ । महिला-पुरुष दुवैतर्फ उपाधी विजेता टिमहरुलाई रु ५-५ लाख रुपैया नगद, उपविजेता टिमलाई समान नगद रु २ लाख ५० हजार, तेश्रो हुने टिमलाई नगद रु १ लाख २५ हजार र सान्त्वना हुने टिमलाई नगद रु ६५ हजार सहित ट्रफी र प्रमाण पत्र प्राप्त गर्नेछन्।

त्यस्तै महिला तथा पुरुषतर्फ उत्कृष्ट एक-एक खेलाडीले जनही समान नगद रु २५-२५ हजार प्राप्त गर्नेछन् भने हरेक विद्याका उत्कृष्ट खेलाडीहरु प्रशिक्षकलाई नगद समान नगद १०-१० हजार र ट्रफी सहित सम्मान गर्ने आयोजकले जनाएको छ। प्रतियोगिता सम्पन्न गर्न करिब ८० लाख रुपैया खर्च हुने आयोजकले जनाएको छ । प्रतियोगिता सफल बनाउन आयोजक सस्था टाइगुर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण शर्माको नेतृत्वमा १ सय १ सदस्यीय मूल आयोजक समिति र उपाध्यक्ष देवेन्द्र केसीको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ।

# बागलुङमा औद्योगिक ग्राम निर्माण हुँदै

पोखरापत्र संवाददाता
बागलुङ, १२ माघ

बागलुङको काठेखोलामा औद्योगिकग्राम निर्माण भइरहेको छ । केन्द्र सरकारको लगानीमा 'एक पालिका एक औद्योगिक ग्राम' अन्तर्गत वडा नं ७ रेश सुराजामा निर्माण सुरु गरिएको हो।

कृषि उपज वस्तुको बजारीकरण, व्यापार व्यवसाय प्रवर्द्धनका लागि औद्योगिकग्राम निर्माण सुरु गरिएको काठेखोला गाउँपालिका-७ रेशका अध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो। गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ देखि नै निर्माण सुरु गरेको अध्यक्ष लामिछानेले बताउनुभयो । उहाँका अनुसार केन्द्र सरकारले पहिलो वर्ष ९२ लाख बजेट विनियोजन गरेको थियो । उक्त बजेटले संरचना निर्माण थालनी भइसकेको अध्यक्ष लामिछानेको भनाइ छ। यसवर्ष केन्द्र सरकारले रू एक करोड विनियोजन गरेको भन्दै आगामी वर्ष औद्योगिकग्राम निर्माण सम्पन्न हुने उहाँको भनाइ छ।

अध्यक्ष लामिछाने भन्नुहुन्छ, "औद्योगिक ग्राम निर्माण आगामी वर्ष सक्ने लक्ष्य छ। एकवर्ष काम हुन सकेन। यो वर्ष कामलाई तीव्रता दिने छौँ।" औद्योगिक ग्रामले स्थानीयलाई बजारीकरणमा ठूलो टेवा पुर्‍याउने छ अपेक्षा छ । गाउँपालिकाका प्रवक्ता टीकासङ्गम विकले स्थानीयलाई व्यापार व्यवसाय र उत्पादनसँग जोड्न औद्योगिकग्राम निर्माण भइरहेको बताउनुभयो । अहिलेसम्म दुई वटा टहरा र यहाँसम्म पुग्ने सडक निर्माण भइसकेको प्रवक्ता विकको भनाइ छ।

"औद्योगिकग्राम निर्माण सुरु भएपछि स्थानीयमा उत्साह जागेको छ, अहिले जग्गा व्यवस्थापन र केही संरचना निर्माण भएका छन्, सडक पनि निर्माण भइसकेको छ, अन्य कामलाई तीव्रता दिन थालेका छौँ," उहाँले भन्नुभयो । औद्योगिकग्राम निर्माण पश्चात यहाँ साना, मझौला र ठूला सबै उद्योग यहाँ सञ्चालन हुनेछन्। उद्योग गर्न चाहने स्थानीयले गाउँपालिकाले स्थान उपलब्ध गराउने छ।

# सेवाग्राही नहुँदा कार्यालय कुर्ने मात्रै काम

पोखरापत्र संवाददाता
मनाङ, १२ माघ

यहाँ बुधबारबाट मात्रै माथिल्लो क्षेत्रमा हिउँ परेको छ । यहाँका बासिन्दा जाडो छल्न मनाङको बेंसी झरिसकेको लामो समयसम्म हिउँ परेको थिएन।

जाडो छल्न जाने परम्पराले यहाँका कार्यालयबाट सेवा लिने सेवाग्राही नै हुँदैनन्। हिउँ ढिलागरी परे पनि यहाँका कार्यालयका कर्मचारी जिल्लामा नै बस्नुपरेको छ।

सेवाग्राही जिल्लामा नहुँदा यहाँका कर्मचारीलाई कार्यालय कुर्ने मात्रै काम भएको पूर्वाधार विकास कार्यालयका प्रमुख जय विष्टले बताउनुभयो । "यहाँका बासिन्दा जाडो छल्न जिल्ला बाहिर गएका छन्, त्यसैले अधिकांश कार्यालयमा सेवाग्राही आउने कुरा भएन", विष्टले भन्नुभयो, "कार्यालय कुर्ने मात्रै काम भएको छ।" चिसोले गर्दा यहाँका विकास योजनाका काम सबै ठप्प छन् । केही स्थानमा विकास निर्माणका काम आंशिकरुपमा भइरहेकाले अनुगमनलगायतका कार्य भने गरिरहेको उहाँले बताउनुभयो। मनाङमा हिउँ पर्नुपर्ने भए पनि अहिलेसम्म पर्याप्त मात्रामा परेको छैन। अन्नपूर्ण पदमार्गअन्तर्गत थोराङ्लापास गर्न यहाँ बाह्य पर्यटक आउनेक्रम जारी रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख लेखनाथ गौतमले बताउनुभयो।

"हिउँ पर्दा आन्तरिक पर्यटक बढ्थे, हिउँ नपरे पनि यहाँ दैनिकजसो बाह्य पर्यटक आइरहेका छन्, जसले गर्दा यहाँ बसेर सेवा दिइरहेका छौँ", उहाँले भन्नुभयो । सेवाग्राहीको भिडभाड नभए पनि सेवा दिइरहेको गौतमले बताउनुभयो । सेवाग्राही नहुँदा अहिले यहाँ कुनै कार्यक्रम भएका छैनन् । विकास निर्माण ठप्प छ । काम नभएपछि भुक्तानीका काम पनि ठप्प जस्तै रहेको यहाँका कर्मचारी बताउँछन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९०/०९/२८ गते

स्वर्गारोहणः
वि.स. २०७९/१०/०१ गते

**स्वः नारायणी गौतम**

हाम्रा आत्मीय मित्र मदन राज गौतम तथा दाजुहरु कृष्ण प्रसाद गौतम र विष्णुहरि गौतमका ममतामयी आमा **नारायणी गौतम** को ८९ वर्षको उमेरमा भएको असामयिक निधनले हामीहरु अत्यान्तै मर्माहत र स्तव्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनि कामना गर्दै ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**रामचन्द्र कार्की**
**गणेश प्रसाद आचार्य**
**शोभाकान्त सिग्देल पोखरा-१३**

## हार्दिक समवेदना



यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य भिममाया श्रेष्ठ तथा वरिष्ठ सल्लाहकार मदनकाजी श्रेष्ठका छोरा/बुहारी/नाती **डा. सुशील श्रेष्ठ, डा. सोना श्रेष्ठ र शर्मिन श्रेष्ठ**को यहि मिति २०७९ माघ १ गते काठमाडौंबाट पोखरा आउने क्रममा जहाज दुर्घटनामा परी असामयीक दुखद् निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सिमा कोइराला**
**अध्यक्ष एवम्**
**सिद्धार्थ टोल विकास संस्था परिवार**

# फिष्टेल एकेडेमीले सृजनात्मक एवम गुणस्तरीय शिक्षामा जोड दिएको : सरुभक्त श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

साहित्यकार एवम् नाट्य प्रतिष्ठानका पूर्व उपकुलपति सरुभक्त श्रेष्ठले फिस्टेल एकेडेमीले सृजनात्मक एवम गुणस्तरीय जोड दिदै गएको बताउनुभएको छ।

एकेडेमीले सरस्वति पुजाको अवसरमा आयोजना गरेको विशेष कार्यक्रममा साहित्यकार सरुभक्तले मानव केन्द्रित चाहाना विद्याबाट प्राप्त हुने भएकाले सृजनात्मक रुपले सुविचार र चिन्तन प्रक्षेपण गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो । पठन संस्कृतिको विकासमा जोड दिएर बौद्धिक ज्ञान आर्जन गर्न सकिने जनाउँदै फिस्टेलका विद्यार्थीले बुक क्लब गठन गरेर पुस्तक प्रदर्शनी गर्नु निकै सकारात्मक भएको धारणा राख्नुभयो। सो अवसरमा श्रेष्ठले आफ्नो बालबालिका केन्द्रित पुस्तकहरु छिट्टै आउन लागेको पनि जानकारी दिनुभयो।

कार्यक्रममा प्याब्सन कास्कीका अध्यक्ष मथुरा पौडेलले फिस्टेल एकेडेमिले शैक्षिक र अतिरिक्त क्रियाकलापमा खेलेको भुमिका निकै प्रशंसनीय रहेको जनाउँदै शैक्षिक गुणस्तरका लागि आवश्यक पुर्वाधाारमा फिस्टेल अग्रस्थानमा रहेको बताउनुभयो।




विद्यालयका संस्थापक सञ्चालक चिनु रानाभाटले विद्यालयले गुणस्तरीय शिक्षाका लागि आवश्यक सम्पूर्ण पूर्वाधार सहित सृजनात्मक तवरले आधुनिक शिक्षा प्रणालीलाइ अवलम्बन गरेर गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो । उहाँले पोखराको फिस्टेल एकेडेमिले गुणस्तरीय शिक्षाका लागि काठमाडौं लगायत विदेशका विद्यालय खोजेर जाने सोचलाई बदल्न सफल भएको बताउनभयो । कक्षा १२ का विद्यार्थी प्राप्ति लम्सालले सरुभक्तलाई पहिलो पल्ट भेट्दाको अनुभव शेयर गर्दै विद्यार्थीको लागि सरुभक्त प्रेरणाको स्रोत भएको बताउनुभयो । सो अवसरमा विद्यालयले आयोजना गरेको खुला विद्यालय स्तरीय कविता प्रतियोगिताबाट उत्कृष्ट ५ मा पर्न सफल भानुभक्त आ. मा.वि. अन्जना सुवेदी, सैनिक आवसीय मा.वि पोखराका प्रवीण ढकाल(कक्षा १२),श्री त्रिभुवन शान्ति नमुना मा.वि रश्मी गौतम (११), कुमुदिनी होम्स पोखरा रिया श्रेष्ठ (१२), अञ्जुली आ.मा.वि. पोखरा सन्तोषी ढकाल (१०)ले आफ्नो उत्कृष्ट कविता प्रस्तुत गर्नुभएको थियो भने उहाँहरुलाई प्रमुख अतिथि र विद्यालय सञ्चालक चिनु रानाभाटले नगद र प्रमाणपत्र प्रदान गर्नुभएको थियो । निर्णायकको भुमिका साहित्यिक व्यत्तित्व शिव संकल्प, गोपाल खनाल, प्रकाश अधिकारी गर्नुभएको थियो। सो अवसरमा विद्यालयमा विद्यार्थीहरुले विभिन्न नृत्य तथा गायनकला प्रस्तुत गरेका थिए । कार्यक्रममा विद्यालयका कार्यकारी निर्देशक दिनकर नेपाल, विद्यालय संयोजक गिताञ्जली राठौरले विद्यालयका शैक्षिक एवम् अतिरिक्त क्रियाकलापको बारेमा जानकारी गराउनु भएको थियो।

# स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरेर नगर अस्पताल

**पोखरापत्र संवाददाता**
**बागलुङ, १२ माघ**

गलकोट नगरपालिका-५ हरिचौरस्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरेर नगर अस्पताल बनाइँदै छ । मापदण्ड पूरा गर्न नगरपालिकाले दरबन्दी पूरा गर्ने, आवश्यक पूर्वाधार र सामग्रीको जोहो गर्ने तयारी गरेको छ।

जग्गा अपुग भएकाले दुई रोपनी थप गर्न लागेको वडा नं ५ का अध्यक्ष पवन हमालले बताउनुभयो । "पन्ध्र शय्याको अस्पताल बनाउने तयारीपछि यहाँको संरचनात्मक सुधार गर्नुपर्ने आवश्यकता छ। कम्तीमा दुई चिकित्सकको व्यवस्थापन गरिएको छ। हाल दरबन्दीमा एक चिकित्सक मात्र छन्", उहाँले भन्नुभयो । नियमित चिकित्सक बस्दा सेवाग्राहीमा अस्पतालप्रति राम्रो सन्देश जाने हमाल बताउनुहुन्छ । गलकोट-५ र ६ बाहेक ताराखोला गाउँपालिकालाई पायक पर्ने प्राथमिक स्वास्थ्य केन्द्र अस्पतालमा स्तरोन्नति हुँदा नगरपालिकाका सबै सेवाग्राहीले सेवा लिन सक्ने छन् । नगरपालिकाले स्वास्थ्य मन्त्रालयलाई 'ओएनएम' सर्भे गरिदिन आग्रह गरेको छ । उक्त अस्पतालमा नियमित उपचारका साथै शल्यक्रिया सेवा पनि सञ्चालनमा छ। यहाँ दैनिक ५० देखि ६० बिरामी उपचारका लागि आउने गरेका अस्पतालले जनाएको छ।

"तीन वर्षअघि निर्णय भएपनि पूर्वाधार र जनशक्ति व्यवस्थापन गरेर बल्ल अस्पताल बनाउन लागेका छौं", नगरप्रमुख भरत शर्मा गैरेले भन्नुभयो । नगरपालिकाले आन्तरिक स्रोतबाट जनशक्तिको व्यवस्थापन गरेको हो । अस्पताल बन्नका लागि १५ शय्या, एक विशेषज्ञसहित तीन चिकित्सकलगायत स्वास्थ्यकर्मीको दरबन्दी चाहिन्छ। जनस्वास्थ्य निरीक्षक देवप्रकास घिमिरे फेयरमेड फाउण्डेसन र ग्रामीण स्वास्थ्य सुधार परियोजनाले उपकरणका लागि सहयोग गरेको बताउनुहुन्छ।

# साथीको क्याफे संचालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

स्वदेशका नै केही गर्नु पर्छ भन्ने माहान लक्ष्यका साथ विगत तिन वर्ष देखि ब्यवसायमा हुमिएका एक युवाले पोखरा २६ को वुढिवजारमा साथीको क्याफे संचालनमा ल्याएका छन्।

केही समय जागिरको क्षेत्रमा लागे पनि अव जागीर होईन स्वदेशमा नै केही गर्नु पर्छ भन्ने उच्च मनोवलका साथ ब्यवसायको क्षेत्रमा हात हालेका ३८ वर्षिय दिपक ढुगानाले वाईन सप हुदै पछिल्लो समय आफनो ब्यवसायलाई विस्तार गर्दै साथीको क्याफे संचालनमा ल्याएका हुन्।

करिव ५० लाखको लागतमा तयार पारिएको क्याफेको विहिवार श्रीपञ्चमीका दिन लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले सुभारम्भ गर्दै रोजगारीको लागि विदेशी भुमी नभनी स्वदेशमा नै केही गर्छौ भन्ने युवालाई संघको तर्फबाट ब्यवसायीक परामर्श देखि तालिमको ब्यवस्था गर्न सकिने बताएका थिए । पोखरा भ्याली भन्दा बाहिर ब्यवस्थीत तरिकाले खाजाका परिकार उपलब्ध गराउने गरि संचालनमा आएको क्याफेमा अर्गानीक कफि, गुणस्तरीय केक,फास्ट फुड लगाएतको परिकार उपलब्ध गराईने क्याफेबाट होम डेलिभरीको समेत ब्यवस्था गर्न सकिने संचालन दिपक ढुगानाले जानकारी दिएका छन्।


फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
(प्रशासन शाखा)

**सेवा करारमा कर्मचारी पदपूर्ति गरिने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१३**

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको लागि देहाय बमोजिमको पद/तह र सेवाको कर्मचारी आवश्यकता परेको हुँदा सेवा करारमा लिई पदपूर्ति गरिने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र रितपूर्वकको आवेदन/दरखास्त फारम यस गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनको यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | माग पद संख्या | पारिश्रमिक तथा सेवा सुविधा | परिक्षा मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ०४-२०७९/०८० | इन्जिनियर | इन्जिनियरिङ/ सिभिल इन्जिनियरिङ/- | अधिकृतस्तर छैठौं | १ (एक) | प्रचलित नियमानुसार | २०७९ साल माघ २६ गते विहीवार |
| २ | ०५-२०७९/०८० | असिस्टेन्ट सब इन्जिनियर | इन्जिनियरिङ/ सिभिल इन्जिनियरिङ/- | सहायकस्तर चौथो | ३ (तीन) | | |

१. **दरखास्त दिने अवधिः-** मिति २०७९/१०/१३ देखि मिति २०७९/१०/२२ गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन)

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**
(क) **इन्जिनियरिङ सेवा, सिभिल इन्जियरिङ समूह, इन्जिनियर पद (वि.नं. ०४-२०७९/०८०)को लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण।
(ख) **इन्जिनियरिङ सेवा, सिभिल इन्जियरिङ समूह, अ.सब-इन्जिनियर पद (वि.नं. ०५-२०७९/०८०)को लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी. वा सो सरह उत्तीर्ण भई सम्बन्धित काममा एक वर्षको अनुभव प्राप्त।

३. **उमेदवारको उमेर हद :-**
(क) **इन्जिनियरिङ सेवा, सिभिल इन्जियरिङ समूह, इन्जिनियर पद (वि.नं. ०४-२०७९/०८०)को लागिः-** दरखास्त दिने अन्तिम मिति २०७९/१०/२२ गतेसम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (तर महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको) हुनुपर्नेछ।
(ख) **इन्जिनियरिङ सेवा, सिभिल इन्जियरिङ समूह, अ.सब-इन्जिनियर पद (वि.नं. ०५-२०७९/०८०)को लागिः-** दरखास्त दिने अन्तिम मिति २०७९/१०/२२ गतेसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (तर महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको) हुनुपर्नेछ।

४. **परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता। (शैक्षिक योग्यताको प्राप्ताङ्क, अनुभवी र स्थानीयलाई प्राथमिकता दिइनेछ।)

५. **परीक्षा दस्तुर :-** इन्जिनियरिङ सेवा, सिभिल इन्जियरिङ समूह, इन्जिनियर पद (वि.नं. ०४-२०७९/०८०)को लागिः- रु १,०००/- (एक हजार) र इन्जिनियरिङ सेवा, सिभिल इन्जियरिङ समूह, असिस्टेन्ट सब-इन्जिनियर पद (वि.नं. ०५-२०७९/०८०)को लागिः- रु ५००/- (पाँच सय) (परीक्षा दस्तुर प्राइम कमर्सियल बैंक फेदीखोला गाउँपालिका स्याङ्जामा रहेको यस गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ०६५००३०८CA मा जम्मा गरेको सक्कल भौचर पेश गर्न सकिनेछ वा गाउँपालिकाको राजस्व शाखामा नगद जम्मा गर्न सकिनेछ।)

६. **पेश गर्नुपर्ने कागजात** :- दरखास्त निवेदन साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि, अनुभव तथा तालिमको प्रमाण पत्रको प्रतिलिपि । साथै इन्जिनियर छैठौंको हकमा नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

७. **दरखास्त फाराम :-** गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

८. **सम्पर्क ईमेल ठेगाना र मो. नं.:-** <phedikhola174@gmail.com> र ९८४६०७३५५७, ९८५६०२७२७६

९. यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित थप विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि.स. १९९०/०९/२८ गते
स्वर्गारोहणः वि.स. २०७९/१०/०१ गते

**स्वः नारायणी गौतम**

यस नागेश्वर भजन कृतन समुहका साधारण सदस्य ज्योती गौतमको सासुआमा **नारायणी गौतम** को ८९ वर्षको उमेरमा भएको असामयिक निधनले हामीहरु अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

| | |
|---|---|
| प्रेम प्रसाद पराजुली<br>अध्यक्ष तथा<br>**नागेश्वर भजन कृतन समुह परिवार** | जमुनादेवी श्रेष्ठ<br>अध्यक्ष तथा<br>**सत्य सेवा आमा समुह परिवार** |

**पोखरा महानगरपालिका-१३ बाँझापाटन**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक श्रद्धाञ्जली**



जन्मः वि.स. १९९०/०९/२८ गते
स्वर्गारोहणः वि.स. २०७९/१०/०१ गते

**स्वः नारायणी गौतम**

यस श्री जनकल्याण समिति पोखरा-१३ का आजिवन सदस्यहरु कृष्ण प्रसाद गौतम, विष्णुहरि गौतम र मदन राज गौतमका मायाँ ममता र स्नेहका खानी प्रातः पुजनीय माता एवं राधा, अम्बिका र ज्योति गौतमका आदरणीय सासुआमा **नारायणी गौतम** को ८९ वर्षको उमेरमा भएको असामयिक निधनले हामीहरु अत्यान्तै मर्माहत र स्तव्ध भएका छौं। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनि सिद्धकालिका मातासँग प्रार्थना गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, बाँझापाटन**